# ***धेरै सोधिने प्रश्नहरु***

***१) रोजगारका लागि सीप कार्यक्रम भनेको के हो ? यसले के काम गर्छ ?***

रोजगारका लागि सीप कार्यक्रम बेलायत सरकारद्वारा सहयोगार्थ परियोजना हो जसलाई नेपाल सरकार (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालय) ले सन् २०१८/१९ मा स्वीकृत गरि कार्यान्वयनको लागि अनुमति दिएको हो । यस कार्यक्रमले नेपालको मधेश र लुम्बिनी प्रदेशमा उत्पादकत्वको वृद्धि गर्ने, समतामुलक व्यवसायिक तालिम संचालन गर्ने र सबल स्थानान्तरण प्रणालीको विकास गरि ४५,००० नेपालीहरुको जीविकोपार्जन सुधार गर्ने उद्देश्य लिएको छ। यो उद्देश्य हासिल गर्न, यस कार्यक्रमले चुनौती कोष (Challenge Fund) र सह- लगानी प्रणाली (Co–Investing Mechanism) मार्फत निजी क्षेत्रका १५ वटा भन्दा बढि संस्था र उद्योगहरुसंग संस्थागत साझेदारी गर्दै आएको छ ।

***२) हिप्को ईन्फ्रा, नेपाल उद्योग परिसंघसंग र रोजगारका लागि सीप कार्यक्रमसंग कसरी साझेदारी गरिरहेको छ ?***

बेलायत सरकारद्वारा सहयोगार्थ रोजगारका लागि सीप कार्यक्रम र नेपाल उद्योग परिसंघले परियोजना कार्यान्वयन गर्नको लागि मार्च २०२२ मा सम्झौता गरेको हो । उक्त सम्झौता अनुसार, नेपाल उद्योग परिसंघले आफ्नो संजाल र सदस्यहरुमा ५००० भन्दा बढिलाई (जसमध्ये ५५ प्रतिशत महिला रहने गरि) तालिम दिई नयाँ रोजगारको अवसर सृजना गर्ने उद्देश्य लिएको छ। हिप्को ईन्फ्रा र नेपाल उद्योग परिसंघले २१ मार्च २०२३ मा रोजगारका लागि सीप कार्यक्रमको उद्देश्य हासिल गर्न त्रिपक्षीय सम्झौता गरेको छ। उक्त सम्झौता अनुसार, हिप्को ईन्फ्राले १३४८ जनालाई मधेश र लुम्बिनी प्रदेशमा स्टिल फ्याब्रिकेसन, वेल्डिंग, रङ्गरोगन र अन्य विषयको तालिम संचालन गरि रोजगारको अवसर प्रदान गर्न मद्दत गर्ने काम गर्न लागेको हो ।

***३) यस तालिममा को को सहभागी हुन सक्नेछन् ?***

यस तालिममा निर्माण र निर्माण सामग्री उत्पादनसंग सम्बन्धित क्षेत्रमा काम गरिरहेका ईच्छुक व्यक्तिहरु सहभागी हुन सक्नेछन् । हिप्को ईन्फ्रा र हुलास स्टिल जस्ता उद्योगसंग काम गर्न ईच्छुक व्यक्ति समेत यस तालिममा सहभागी हुन सक्नेछन् । यस तालिममा महिला, बिपन्न वर्ग, फरक क्षमता भएका व्यक्तिहरुलाई सहभागी हुन प्रोत्साहन गरिएको छ ।

***४) यस तालिममा सहभागीको छनौट कुन मापदण्ड अनुसार गरिनेछ ?***

यस तालिममा सहभागी हुन चाहने ईच्छुक व्यक्तिहरु नेपालको नागरिक हुनुपर्ने छ ।

***५) यस तालिममा सहभागी हुन कति शुल्क लाग्छ ?***

यस तालिममा ईच्छुक व्यक्तिहरुलाई निःशुल्क रुपमा तालिम प्रदान गरिनेछ। साथै तालिम अवधि भरि खानेबस्ने र यात्राको सम्पूर्ण खर्च विनियोजित बजेट अनुसार स्वयम् आयोजकले बेहोर्ने छ।

***६) यो तालिम नेपालको कुन कुन ठाउँमा कति दिनको लागि संचालन हुन लागेको हो ?***

यो तालिम बिरगंज महानगरपालिका वडा न ३१ को बेलुवास्थित हिप्को ईन्फ्राको कारखानामा सात दिनको अवधिसम्मको हुनेछ ।

***७) यस तालिम मैले भाग लिए भने मलाई के फाईदा हुन्छ ?***

- यस तालिममा समावेश हुने व्यक्तिहरुले नेपाल भरि रहेका निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुमा रोजगारका नयाँ अवसरहरु पाउने छन् ।
- यस तालिममा सहभागी हुने व्यक्तिहरुको दैनिक ज्याला दरमा वृद्धि हुने र थप व्यवस्थित कलकारखानामा काम गर्ने अवसर पाउनेछन् ।
- यस तालिमबाट आएका व्यक्तिहरुलाई हिप्को ईन्फ्राले आफ्नो बिक्रेताहरु मध्ये उच्च प्राथमिकता दिनेछ । यस तालिममा समावेश हुने बिक्रेताहरुलाई कामको नयाँ अवसर प्राप्त हुनेछ ।
- तालिममा समावेश हुने व्यक्तिहरुले हुलास - हिप्को इन्फ्राद्वारा प्रमाणित प्रमाणपत्र पाउने छन् ।
- तालिममा समावेश हुने व्यक्तिहरुले रोजगारदाताको माग अनुसार कारखानाको वास्तविक र समयसापेक्ष कार्य सम्पादन गर्ने सीप सिक्ने अवसर पाउनेछन् ।

***८) यो तालिमलाई नेपाल सरकार (CTEVT) ले मान्यता दिन्छ कि दिँदैन ? यदि दिन्छ भने, कसरी दिन्छ ?***

यस तालिमलाई नेपाल सरकार (CTEVT) ले मान्यता दिन्छ । त्यसको लागि नेपाल सरकारको राष्ट्र सीप परिक्षण समितिले बनाएको "Recognition of Prior Learning (RPL)" निर्देशिकामा वर्णन गरिएको मापदण्डहरु लागु हुन्छन् । राष्ट्र सीप परिक्षण समिति भनेको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को एक विभागको हो जसको, मुख्य कार्यालय भक्तपुरको सानोठिमीमा अवस्थित छ ।

***९) यस तालिमले निजी क्षेत्रको उद्योगहरुलाई के / कस्तो फाईदा हुन्छ ?***

- यस तालिमले निर्माण र निर्माण सामग्री उत्पादन गर्ने निजी क्षेत्रका कलकारखानाहरुलाई आफ्नो व्यवसायको माग अनुसारको दक्ष कामदार प्रदान गर्दछ ।
- यस तालिमले दक्ष कामदारको लागि भारत लगायत अन्य मुलुकबाट महँगो ज्याला तिरेर ल्याउनुपर्ने निजी क्षेत्रको बाध्यतालाई कम गर्दछ ।
- यस तालिमले निर्माण र निर्माण सामग्री उत्पादन गर्ने निजी क्षेत्रका कलकारखानाहरुलाई समावेशी, वातावरणमैत्री र जिम्मेवार संस्था बन्ने अवसर प्रदान गर्दछ । यो गर्नका लागि यस तालिमले महिला, फरक क्षमता भएका व्यक्ति र बिपन्न वर्गलाई रोजगारको अवसर प्रदान गर्दछ ।
- यस तालिमले निर्माण र निर्माण सामग्री उत्पादन गर्ने निजी क्षेत्रका कलकारखानाहरुलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गरि उत्पादकत्वको वृद्धि गर्ने र दक्षतामा सुधार गर्ने काम गर्दछ ।

***१०) यस तालिम कार्यक्रमले समग्र राष्ट्रलाई कसरी फाईदा गराउँछ ?***

- यस तालिमले निजी क्षेत्रको श्रम बजारको माग र दक्ष जनशक्ति उत्पादन बीचको बेमेललाई हल गर्न मद्दत गर्दछ ।
- यस तालिम / कार्यक्रमले निजी क्षेत्रको उद्योग उत्पादकत्व वृद्धि गरि समग्र अर्थतन्त्रमा निर्माण क्षेत्रको योगदान ८ प्रतिशतबाट वृद्धि गर्न मद्दत गर्दछ ।
- यस तालिम कार्यक्रमले दिगो विकासका लक्ष्य सन् २०३० सम्म हासील गर्न योगदान पुर्याउँदछ । सो गर्न (दिगो बिकासका लक्ष्य न ०८ उप-लक्ष्य ८.२ सूचक न ८.२.१ ) र उप-लक्ष्य ८.३ श्रममुलक क्षेत्रहरुमा विविधता वृद्धि, सूचना प्रविधिको विकास र कार्य सम्पादनमा नवीनतालाई प्राथमिकता दिई उच्च आर्थिक उत्पादकत्व हासिल गर्ने योगदान पुर्याउँदछ ।

**थप जानकारीको लागि सम्पर्क न : ९७०२०१६३८१**